# दोस्रो गाउँसभाको १९औं अधिवेशन

# नीति तथा कार्यक्रम २०८३/०८४

## २०८३/०३/०८

प्रस्तोता

अध्यक्ष खिम नारायण मानन्धर

हरिनास गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चित्रेभञ्ज्याङ्ग, स्याङ्गजा

## क. सम्बोधन

१. यस गरिमामय सभामा, हरिनास गाउँपालिकाको अध्यक्षको रुपमा आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमलाई प्रस्तुत गर्न पाउँदा मैले आफूलाई गौरवान्वित भएको महसुस गरेको छु। हरिनास गाउँपालिकाको विकास र समृद्धिलाई केन्द्र बिन्दुमा राखेर तय गरिएको आर्थिक वर्ष २०८३/०८४ को यस वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा हरिनास गाउँपालिकाकालाई अमूल्य सुझाव उपलब्ध गराउनु हुने हरिनास गाउँपालिका बासी, व्यक्ति, संघसंस्था, नागरिक, राजनीतिक दल, लगायत सम्पूर्ण महानुभाव तथा शुभचिन्तकहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको लोकतान्त्रिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु।

२. संघीय र प्रदेश सरकारसँगको समन्वय र सहकार्य एवम् हरिनास गाउँपालिकाको आफ्नो क्षमता, श्रोत र साधनबाट हरिनास बासीको समृद्धिका लागि अर्थतन्त्रलाई चलायमान बनाउन स्थानीय पूर्वाधार निर्माण गर्ने, उत्पादन तथा आय वृद्धि गर्ने, सीप तथा क्षमता विकास र उद्यमशीलता विकास गर्ने, आर्थिक सामाजिक क्षेत्रको विकास र अधिकतम रोजगारी सृजना गर्न सघाउ पुऱ्याउने उद्देश्य एवं हामीले निर्वाचनका क्रममा हाम्रा मतदाता प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरू पूरा गर्ने दिशामा आगामी आर्थिक वर्ष २०८३/०८४ को यो नीति तथा कार्यक्रम अभिमुख गरेका छौं।

३. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढ गरी स्थानीय तहको विधायीकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गरी जनतालाई सु-शासनको प्रत्याभुती गर्ने साधनको रुपमा यो नीति तथा कार्यक्रम निर्देशित रहेको छ। दिगो विकासको राष्ट्रिय लक्ष्यहरूको स्थानीकरण गर्दै उपलब्ध श्रोत र साधनहरुको समूचित प्रयोग गरी 'सम्वृद्ध हरिनास गाउँपालिका सुखी हरिनास बासी जनताको लक्ष्य हासिल गर्नु यस नीति तथा कार्यक्रमको प्रमुख लक्ष्य रहेको छ।

गाउँसभा सदस्यज्यूहरू,

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रमको मूल भागमा प्रवेश गर्न चाहन्छु ।

## ख. कृषि तर्फ

४. निर्वाहमुखि कृषि प्रणालीलाई आधुनिक, व्यवसायिक तथा प्रतिस्पर्धी बनाउँदै कृषि क्षेत्रको यान्त्रिकरण, व्यावसायीकरण, विविधीकरण, तथा विशिष्टीकरण मार्फत खाद्यन्नवाली, फलफूल, तरकारी तथा नगदेबालीको उत्पादन र उत्पादकत्व बृद्धि गर्न जोड दिइनेछ।

५. सुन्तला लगायत उच्च मूल्यका फलफूल बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न नयाँ बगैंचा स्थापना, पुरानो बगैंचाको पुनर्स्थापना, तथा उचित बगैंचा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

६. माटोको उर्वराशक्ति संरक्षण तथा दिगो कृषि उत्पादनका लागि माटो परीक्षण, माटो सुधार, कृषि चुन, प्राङ्गारिक मल, जैविक मल तथा जैविक विषादीको उत्पादन र प्रयोगलाई प्रोत्साहन गरिनेछ।

७. खाद्यान्न, तरकारी, फलफूल तथा अन्य बालीमा देखिने रोग तथा किराको पहिचान तथा व्यवस्थापनका लागि बाली उपचार, प्राविधिक सेवा तथा एकीकृत बाली संरक्षण कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

८. स्थानीय सम्भावनाका आधारमा मौरीपालन, च्याउ खेती, फलफूल, तरकारी, मसला, नगदेबाली तथा अन्य उच्च मूल्यका कृषि उद्यमहरूको प्रवर्द्धन गरी रोजगारी सिर्जना र कृषकको आयस्तर अभिवृद्धि गरिनेछ।

९. कृषि नीति तथा योजना तर्जुमालाई तथ्यपरक बनाउन कृषि सम्बन्धी तथ्याङ्क नियमित रूपमा सङ्कलन, अद्यावधिक तथा विश्लेषण गरिनेछ।

१०. कृषि उपजको सहज बजारीकरणका लागि संकलन केन्द्र, भण्डारण, प्रशोधन, मूल्य शृङ्खला विकास तथा कृषि उद्यमशीलताको प्रवर्द्धन गरिनेछ।

११. स्थानीय स्तरमा उत्पादन हुने उन्नत तथा रैथाने बीउ संरक्षण तथा उत्पादन गर्न कृषि सहकारी, कृषक समूह र निजी क्षेत्रको सहकार्यमा बीउ उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।

१२. कृषकको क्षमता विकासका लागि आवश्यकतामा आधारित तालिम, गोष्ठी, अध्ययन भ्रमण, कृषि सूचना तथा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।

१३. कृषि क्लिनिक, घुम्ती कृषि सेवा तथा डिजिटल कृषि सूचना प्रणाली, कृषि सञ्जाल मार्फत कृषकलाई समयमै प्राविधिक सेवा उपलब्ध गरिनेछ।

१४. जलवायु परिवर्तन अनुकूल कृषि प्रणाली, जैविक खेती, वातावरणमैत्री कृषि प्रविधि तथा दिगो कृषि अभ्यासलाई प्राथमिकता दिई कार्यान्वयन बनाइनेछ।

१५. संघ, प्रदेश तथा सम्बन्धित निकायसँग समन्वय गरी कृषि अनुसन्धान, विस्तार सेवा तथा डिजिटल कृषि प्रणालीलाई सुदृढ गरिनेछ।

१६. कृषि क्षेत्रमा विपद् जोखिम न्यूनीकरण बाली तथा पशु बीमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

१७. बाँझो रहेका खेती योग्य जमिनमा कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ। खेती योग्य जमिनमा कृषि पूर्वाधारहरूको व्यवस्था मिलाइनेछ।

१८. पालिकालाई बाली बस्तुको बिरुवामा आत्मनिर्भर बनाउन नर्सरीको स्थापना तथा व्यवस्थापन गरिनेछ।

१९. कृषि क्षेत्रमा सिँचाईलाई सहज बनाउन साना सिँचाई कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

## ग. पशु सेवा तर्फ

२०. "हरिनास गाउँपालिकाको आवश्यकता, कृषि तथा पशुपन्छि क्षेत्रमा आत्मनिर्भरता" भन्ने मुल नाराका साथ युवाहरुलाई कृषि तथा पशुपन्छि र मत्स्यपालनमा आकर्षण गराउन युवा स्वःरोजगार तथा युवा लक्षित कार्यक्रमहरु संचालन गरीनेछ।

२१. आदिवासी जनजाति, दलित, एकल महिला, विपन्न वर्ग, निर्वाहमुखी कृषकहरु, सिमान्तकृत विपन्न परिवारको लागि प्रोत्साहन कार्यक्रम अन्तर्गत बङ्गुरको पाठापाठी, माउ बाखा, कुखुराको चल्ला वितरण कार्यक्रम संचालन गरीनेछ।

२२. पशुधनको संरक्षणको लागि बिभिन्न रोगहरुको खोप सेवा, रोग परिक्षण, रोग निदान सप्लिमेन्ट वितरण, आन्तरिक तथा वाह्य परिजिवि नियन्त्रण सेवाका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरी पशुहरुको संक्रमण रोग नियन्त्रण गरी पशुधनको सुरक्षा गरीनेछ।

२३. पशु आहारा तथा पोषण अन्तर्गत पशुपालन व्यवसायमा आम्दानी बढाउने र लागत घटाउनको लागि हिंउदे तथा बर्षे एकवर्षे बेर्ना निःशुल्क वितरण/बहुवर्षिय घाँसको विउ/गरीनेछ।

२४. पशुमा वाझोपन निवारण जस्ता शिविरहरु, घर दैलोमा पशु हरुको उपचार तथा निरिक्षण गर्ने कार्यक्रमहरु संचालन गरीनेछ।

२५. प्राविधिक पहुंच भन्दा टाढाको भुगोलमा रहि कृषि तथा पशुपन्छी पालक कृषकहरुलाई घुम्ति शिविरको माध्यमबाट समेट्ने प्रयास गरीनेछ।

२६. पशुपन्छी प्रयोगशाला सेवा लाई थप विस्तार गरी प्रभावकारी तरिकाले संचालनमा ल्याइनेछ।

२७. पशुपन्छि पालन संम्बन्धि नयाँ प्रविधि प्रचार प्रचारको लागि तालिम, भ्रमण लगायतका कार्यक्रम गरीनेछ।

२८. रेविज रोगको रोकथाम तथा नियन्त्रणका लागि सामुदायिक तथा घरपालुवा कुकुर विरालोमा खोप/ तथा वन्ध्याकरण सेवा कार्यक्रमगरीनेछ।

२९. पहाडी भुगोल चरण क्षेत्र भएको ठाउँमा बाखा प्रर्वधन कार्यक्रम संचालन गरी मासुमा आत्मनिर्भर हुने नीति लिइनेछ।

३०. उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नका लागि नश्ल सुधार अन्तर्गत कृत्रिम गर्भाधान कार्यक्रममा जोड दिई कृत्रिम गर्भाधान बाट जन्मेका बाच्छाबाच्छि/, पाडा पाडी लाई प्रोहत्सान कार्यक्रम/गरीनेछ।

३१. पशुपन्छिमा आकस्मिक माहामारी जन्य रोगको नियन्त्रणका लागि आवश्यक खोप, उपचार, परामर्श, क्वारेन्टाइन, आइसोलेशन जस्ता कार्यक्रमहरू प्रभावकारी तरिकाले सञ्चलान गरिनेछ।

३२. जुनोटिक रोग सम्बन्धी सचेतना कार्यक्रम बिभिन्न संघ, संस्था, विद्यालय नागरिक समाज, समूह तथा प्रतिनिधिहरूलाई स्वास्थ्य संस्थासँगको समन्वयमा सचेतना कार्यक्रम (तालिम, गोष्ठी) सञ्चालन गरिनेछ।

३३. संघ, प्रदेश र स्थानीय सरकारको कार्यक्रममा संघसमुह तथा फर्महरुमा सहकार्य/सहकारी/संस्था/, सहअस्थित्व, समन्वय जस्ता कार्यक्रमहरु सञ्चालन गरीनेछ।

## घ. सहकारी तर्फ

३४. सहकारी संस्थाहरुको सुशासन, पारदर्शिता र वित्तीय अनुशासन कायम गर्न सहकारी संस्थाका कर्मचारी तथा सञ्चलाकहरुलाई क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

३५. रोजगारीमूलक तथा रोजगारमुखी सहकारीलाई प्राथमिकता दिइनेछ।

३६. गाउँपालिका भित्र रहेको सम्पूर्ण सहकारी संस्थाहरुको नियमित अनुगमन, निरीक्षण तथा नियमन गरिनेछ।

३७. बचत तथा ऋण सहकारीहरूको जोखिम व्यवस्थापन तथा सदस्य संरक्षणलाई प्राथमिकता दिइनेछ।

गाउँपालिका भित्र सञ्चालनमा रहेको सम्पूर्ण सहकारीहरूलाई संस्थाहरूलाई सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) तथा डिजिटल प्रणालीमा आबद्ध हुन प्रोत्साहन गरिनेछ।

## ङ. सडक, यातायात र भवन निर्माण तर्फ

३८. गाउँपालिकाको प्रशासकीय भवनको निर्माणको लागि संघ र प्रदेश सरकारसँग साझेदारी अन्तर्गत आ.व २०८१/०८२ मा ठेक्का भएको पालिका भवन आगामी आ.व.२०८३/०८४ मा भवन निर्माणको कार्य सम्पन्न गरिनेछ। त्यस्तै गरी आफ्नै भवन नभएका वडा कार्यालयहरूमा पक्की भवन निर्माणको क्रममा रहेको र बाँकी वडाको भवन, स्वास्थ्य इकाई भवन निर्माणको व्यवस्था क्रमशः मिलाइने छ। निर्माण सम्पन्न भएका वडा कार्यालयहरुमा फर्निचर लगातयका आवश्यक इन्टेरियरको व्यवस्था गरिनेछ।

३९. भवन निर्माण आचार संहिता बमोजिम घर नक्सा पास गरि मात्र भवन निर्माण गर्ने व्यवस्था मिलाइनेछ। स्वीकृत मापदण्ड विपरीत निर्माण कार्य गरिएका संरचनालाई विशेष व्यवस्था सहित कानुनी दायरामा ल्याई त्यस्ता कार्य गर्नेलाई निरुत्साहित गरिनेछ।

४०. सबै वडा कार्यालयलाई जोड्ने सडकलाई स्तारउन्नति गरि १२ महिनै संचालन गर्न सकिने बनाइनेछ।

४१. सडक किनारमा नाली ग्याविन साथै हरियाली प्रवर्दन कार्यलाई अगाडी बढाइनेछ ।

४२. जोखिम युक्त खोला तथा खोल्सामा पुल कल्भर्ट निर्माण गरिनेछ ।

४३. निर्माण भएका सडक किनारामा वृक्ष रोपण कार्यलाई प्राथमिकता दिइनेछ ।

४४. सार्वजनिक खुल्ला क्षेत्रको सरक्षण र हरियाली प्रवर्धनलाई ध्यान दिइनेछ |

४५. श्रममा आधारित निर्माण कार्यालाई प्रवर्धन गर्ने नीति लिइनेछ ।

४६. स्थानीय युवालाई दक्षता अभिबृदी गर्ने खालका डकर्मी,  सिकर्मी , मेसन जस्ता तालिम संचालन गर्ने नीति लिइनेछ।

४७. मर्मत गर्नु पर्ने सरकारी भवनको कार्यलाई प्राथमिकता साथ गरिनेछ।

## च. खानेपानी तथा सरसफाइ तर्फ

४८. खानेपानी आयोजनाहरूमा अपनत्व बोध गराउन खानेपानी आयोजनाहरूमा अनिवार्य मर्मत संभार कोष स्थापना गरिने छ र जसका लागि अनिवार्य पानी महसुलको सुरुवात गरी समितिको कोषमा जम्मा गर्ने व्यवस्था मिलाइनेछ।

४९. स्वच्छ पिउने पानीलाई उच्च प्राथमिकता राखी भएका स्रोतहरूको अधिकतम प्रयोग र समानुपातिक वितरणमा जोड दिई श्रोतको अनुपातमा धाराहरूको व्यवस्था गरिनेछ।

५०. "एक घर एक धारा" अभियानलाई ७०-३० कार्यक्रम अन्तर्गत निरन्तरता दिइने छ।

५१. खानेपानी सम्बन्धी सञ्चालित योजनाहरूमा कार्यरत ज्यामीहरूलाई विज्ञहरूबाट क्षमता विकास सम्बन्धी कार्य गरिनेछ। लिफ्टिंग मार्फत खानेपानीको व्यवस्था भएका ठाउँमा विद्युत महसुलमा प्रदेश सरकार र संघ सरकारको साझेदारीमा विशेष व्यवस्था मिलाइनेछ।

५२. पानीका मूलहरूको श्रोत संरक्षणको लागि विशेष अभियान संचालन गरिनेछ ।

## छ. आवास तथा पुनर्निर्माण एकीकृत वस्ति विकास तर्फ

५३. गाउँपालिकामा भूमिहीन घरबार बिहिनहरुका लागि व्यवस्थित बसोबासको व्यवस्था मिलाउन जनता आवास कार्यक्रम, खरको छानो विस्थापित कार्यक्रमहरु स्थानीय सरकार, संघ र प्रदेश सरकार सँगको समन्वयमा बसोबासका कार्यक्रमहरु अगाडी बढाइने छ ।

५४. अति गरिबको रेखा मुनी रहेका व्यक्तिलाई निःशुल्क सुरक्षित आवासको लागि उपयुक्त कानुन बनाइ व्यवस्था मिलाइनेछ।

५५. बहुउदेशिय सभा हलको निर्माणलाई विशेष पहल गरिनेछ ।

५६. सार्वजनिक भवनलाई जेष्ठ नागरिक अपांगता मैत्री संरचना निर्माणमा विशेष ध्यान दिइनेछ ।

## ज. उर्जा तर्फ

५७. यस गाँउपालिकालाई उज्यालो गाउँपालिका बनाउनका लागी बिद्युत सेवा नपुगेका बस्तीलाई प्राथमिकताका साथ अगाडी बढाइ बिजुली बत्ति विस्तार यस आ.व मा नै सम्पन्न गरिएको छ र आवश्यकता आधारमा निरन्तरता दिइनेछ।

५८. पालिका अन्तरगतका कार्यालय स्वास्थ्य केन्द्र, वडा कार्यालयमा बैकल्पिक उर्जाको रुपमा  सौर्य उर्जा जडानलाई प्राथमिकता दिइनेछ।

५९. उर्जाको मुख्य स्रोतका रुपमा प्रयोग भएको दाउरा माथिको निर्भरतालाई कम गर्न वायोग्यास सौर्य उर्जा जस्ता नवीकरणिय उर्जामा लगानी विस्तार गरिने छ।

## झ. उद्योग तर्फ

६०. स्थानीय तहमा संचालित ठूला तथा साना उद्योग तथा व्यवसायलाई कानुनी दायरामा ल्याउन न्यून करको माध्यमबाट करको दायरा फराकिलो बनाई आन्तरिक आय संकलन गरिने छ ।

६१. उद्योग, वाणिज्य तथा व्यवसायसँग सरोकार हुने पक्षहरुको क्षमता अभिवृद्धि तथा सशक्तिकरण गरी साना तथा मझौला उद्योगहरुको विकास तथा विस्तार गरिनेछ ।

## ञ. पर्यटन तर्फ

६२. प्राकृतिक रुपले रमणीय स्थानमा रहेको यस गाउँपालिका ऐतिहासिक, धार्मिक, सांस्कृतिक धरोहरहरुको रुपमा रहेका यस क्षेत्रका पौराणिक मठ, मन्दिर र देवलहरुको संरक्षण गरी थप निर्माण कार्यमा जोड दिइ पर्यटकीय क्षेत्र घोषणा गरी पर्यटकमैत्री संरचना निर्माण गरिनेछ ।

६३. गाउँपालिकाको पर्यटकीय क्षेत्रको विकास, विस्तार र बजारीकरण गर्न पर्यटनसँग सरोकार राख्ने निकायहरु सँग समन्वय र साझेदारी गरिनेछ।

६४. धार्मिक तथा पर्यटकीय स्थल सम्मको सडक पहुँच लाई ध्यान दिइनेछ |

६५. पद मार्ग विश्राम स्थल र सूचना केन्द्र निर्माणको लागि आवश्यक पहल गरिनेछ |

६६. होम स्टे क्षेत्र पूर्वाधारलाई विशेष ध्यान दिइनेछ।

## ट. सामाजिक विकास (स्वास्थ्य तर्फ)

६७. पालिका भित्रका सम्पूर्ण बालबालिकालाई तोकिए बमोजिमको खोप दिलाउनको लागि आवश्यक पर्ने सम्पूर्ण व्यवस्था मिलाई खोप लगाएको सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ र पूर्ण खोप सुनिश्चित गाउँपालिकालाई निरन्तर कायम राख्न आवश्यक प्रबन्ध गरिनेछ।

६८. गाउँपालिका स्तरीय १५ शैयाको अस्पताल निर्माणका लागि निरन्तरता दिइनेछ। आगामी आ.वको श्रावण १ बाट साबिक भवनमा नै चिकित्सकको व्यवस्था गरि सेवा शुभारम्भ गरिनेछ।

६९. हरिनास गाउँपालिका भित्रका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सम्पूर्ण सेवालाई पूर्ण रूपमा डिजिटलाइज गरिनेछ। कागजको प्रयोगलाई पूर्ण तय विस्थापित गर्ने नीति अवलम्बन गरिनेछ। आवश्यक उपकरणको व्यवस्थापन गरिनेछ। सोका लागि आवश्यक ब्याकअपको व्यवस्था मिलाइनेछ।

७०. स्वास्थ्य संस्थाको व्यवस्थापकीय कार्यलाई चुस्त दुरुस्त राखि रहन “म स्वस्थ मेरो गाउँ स्वस्थ” कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७१. स्वास्थ्य चौकीमा संचालनमा रहेका प्रयोगशालालाई थप सुदृढ र विश्वश्निय बनाइनेछ। व्यवस्थापकीय सुधारको लागि आवश्यक नीति लिइनेछ।

७२. पोषणको अवस्थालाई सुधार ल्याउन र संचालित कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ र बृद्धि अनुगमनलाई आवश्यक पर्ने आधुनिक औजार उपकरणको व्यवस्था मिलाइनेछ। स्वस्थ बच्चा प्रतिस्पर्धा सासु/ससुरा श्रीमान सम्मान जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७३. स्वास्थ्य संस्थालाई प्रदान गरिदै आएको व्यवस्थापन खर्चलाई निरन्तरता दिइनेछ।

७४. प्रत्येक ६ महिनामा हरिनास गाउँपालिकाका सबै विद्यालयका विद्यार्थीहरूलाई जुकाको औषधी नियमित खुवाउने कार्यलाई निरन्तरता दिइनेछ।

७५. बर्ष भरिमा तोकिय बमोजिम १०-१९ बर्षका किशोरीहरुलाई iron folic acid खुवाने कार्यलाई निरन्तरता दिइनेछ।

७६. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ।

७७. पूर्ण पोषण युक्त स्वास्थ्य संस्था हुँदै पालिका घोषणा गरिनेछ।

७८. सबै स्वास्थ्य चौकी र स्वास्थ्य इकाइमा निःशुल्क औषधीहरु नियमित रुपमा उपलब्ध भइराखेको छ। यसको सुनिश्चितताको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

७९. विभिन्न संघ संस्थाहरु मिलेर स्वास्थ्य शिविरहरु संचालन गरि निःशुल्क उपचारको व्यवस्था मिलाइएको छ। चालु आवमा प्रदेश सरकार सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय स्वास्थ्य कार्यालय, स्याङ्गजा र हरिनास गाउँपालिकाको सहकार्यमा क्याक्मी स्वास्थ्य चौकी र मग्याम चिसापानी स्वास्थ्य चौकीमा क्षयरोग स्क्रिनिंग VIA Screening शिबिर संचालन गरिसकिएको छ र यसलाई निरन्तरता दिइनेछ।

८०. फागुन महिनालाई नसर्ने रोगको स्क्रिनिंग महिनाको रुपमा मनाइनेछ।

८१. सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न "सुत्केरीसँग उपाध्यक्ष पोषण कार्यक्रम" मार्फत आवश्यक व्यवस्था मिलाइने छ। स्वास्थ्य संस्थामा प्रसूति हुने महिलालाई प्रोत्साहनको व्यवस्था गर्ने गरि नीति लिइनेछ।

८२. प्रजनन स्वास्थ्यलाई विशेष रुपमा सुरक्षित गर्भपतन लगायतका सेवालाई सुरक्षित सर्वसुलभ र पहुँच योग्य बनाउन र सेवा केन्द्रको संख्यालाई थप गर्न दक्ष जनशक्तिको व्यवस्थापन तथा तालिम तथा प्रजनन स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमलाई विशेष ध्यान दिइनेछ।

८३. भवन निर्माण गर्न बाँकी रहेका स्वास्थ्य इकाई/स्वास्थ्य केन्द्र देउराली सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माण क्रमशः गरिनेछ।

८४. स्वास्थ्य चौकीमा स्वास्थ्य प्रयोगशाला सेवा संचालनमा रहेकोमा आवश्यकताको आधारमा अन्य सामुदायिक स्वास्थ्य इकाइमा क्रमिक रुपमा प्रयोगशाला सेवा विस्तार गरिनेछ।

८५. पोषणको अवस्थामा सुधार ल्याउन पोषण विशेष कार्यक्रम संचालन गरिनेछ।

८६. गाउँपालिका भित्र रहेका खोप केन्द्रको भवन क्रमशः निर्माण निर्माण गरि सुरक्षित खोप सेवा प्रदानको व्यवस्थालाई विशेष ध्यान दिइनेछ।

८७. घरमा हुने सुत्केरीलाई निरुत्साहित गरिने छ र शून्य घर सुत्केरीको अवस्थालाई अभियानका रुपमा अगाडी सारिने छ।

८८. क्रमश सबै स्वास्थ्य संस्थालाई किशोर किशोरी मैत्री स्वास्थ्य सेवा युक्त घोषणा गरिनेछ।

८९. स्तनपान कक्ष स्थापना, स्तरउन्नतिलाई निरन्तरता दिइनेछ।

९०. स्वास्थ्य संस्था तथा स्वास्थ्य शाखाको औषधी भण्डारण कक्षलाई थप व्यवस्थित गरिनेछ ।

९१. स्वास्थ्य कर्मीको क्षमता विकासको लागि विशेष जोड दिइनेछ।

९२. राम्रो काम गर्नेलाई पुरस्कृत गरिने नीति लिइनेछ।

९३. मानसिक स्वास्थ्यको क्षेत्रमा विशेष कार्यक्रम संचालन गरिनेछ। निरन्तर औषधी सेवन गर्ने विपन्नलाई विशेष कार्यक्रम ल्याइनेछ।

९४. गाउँपालिकाले एम्बुलेन्सको व्यवस्था गर्ने नीति लिइनेछ।

९५. संघ र प्रदेश सँगको सहकार्यमा स्वास्थ्य बीमा कार्यक्रमलाई अभियानको रुपमा अगाडी बढाउने ।

९६. क्यान्सर, मुटु, मृगौला, सिकल सेल एनिमिया, स्पाइन इन्जुरी, पार्किन्सन, अल्जाइमर र हेड इन्जुरी लगायतको उपचारको लागि अति गरिब बिरामीलाई आर्थिक सहयोग गर्ने नीति लिइनेछ। साथै गाउँपालिकाको तर्फबाट विभिन्न रोगका लागि आर्थिक सहायता आवश्यक पर्ने नागरिकलाई केही मात्रामा भएपनि आर्थिक सहायता उपलब्ध गराउने नीति लिइनेछ।

९७. अति विपन्न र गरिबीको रेखा मुनि रहेका गरिब परिचय पत्र प्राप्त व्यक्तिहरू र “ग” र “घ” वर्गका अपांगता भएका व्यक्तिलाई निःशुल्क स्वास्थ्य बीमा गराइनेछ।

९८. स्वास्थ्य चौकी नभएका वाडमा स्थापना भएका सामुदायिक स्वास्थ्य इकाईलाई क्रमशः स्वास्थ्य चौकीमा स्तरउन्ति गर्दै लगिनेछ।

९९. यस गाउँपालिका भित्र रहेका महिला स्वास्थ्य स्वयम् सेविकाको कार्यको सम्मान गर्दै पालिकाबाट यातायात खर्च स्वरुप प्रोत्साहन गर्ने नीति लिइने छ। साथै अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ।

१००. विभिन्न रोगका कारण हुन् सक्ने महामारी जन्य समस्यालाई सम्बोधन गर्नको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१०१. स्थापना भएका स्वास्थ्य संस्थाको आन्तरिक व्यवस्थापनको र सवलिकरणलाई लागि आवश्यक पर्ने भौतिक तथा वित्तीय श्रोतको व्यवस्था पालिकाबाट गर्ने नीति लिइनेछ ।

१०२. स्वास्थ्य संस्थाको अभिलेख तथा प्रतिबेदनलाई चुस्त दुरुस्त बनाउन सफ्टवेयर प्रणाली EHMIS, ELMIS, PRTP पारिवारिक स्वास्थ्य प्रोफाइल SORMAS लगायतका मार्फत गर्ने कार्यको व्यवस्था मिलाइनेछ ।

१०३. सबै स्वास्थ्य संस्थामा गाउँपालिकाबाट स्वीकृत दरबन्दी अनुसारको कर्मचारीको व्यवस्था गरिनेछ।

१०४. नमुना स्वास्थ्य संस्था कार्यक्रमलाई अगाडी बढाइनेछ ।

१०५. आयुर्वेदिक औषधालयको स्थापनामा विशेष जोड दिइनेछ । योग शिक्षा योग अभ्यास स्वास्थ्य परामर्श स्वास्थ्य खानपान र स्वास्थ्य जीवन शैली सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

१०६. गाउँपालिका स्तरको अस्पताल संचालन गरी सो अस्पतालबाट स्वास्थ्य बिमा र मृगौलाको समस्याका कारण डायलाइसिसको व्यवस्थापनलाई विशेष प्राथमिकताका साथ अगाडी वढाईनेछ ।

१०७. विपन्न तथा गरिब दिर्घ रोगीहरुलाई औषधि उपलब्धताको लागि व्यवस्थापन गर्ने नीति लिइनेछ ।

१०८. खानेपानीको योजना निर्माण सँगै गुणस्तरलाई पनि ध्यान दिइनेछ साथै पानीको नमुना परिक्षण गरी त्यसको आधारमा आवश्यक नीति लिइनेछ ।

१०९. वृद्ध तथा जेष्ठ नागरिकलाई घर दैलोमा स्वास्थ्य सेवाको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

११०. स्वास्थ्य क्षेत्रको विपद् व्यवस्थापन र यसको न्युनिकरणको लागि प्रतिकार्य योजना निर्माण गरी लागु गरिनेछ।

१११. स्वास्थ्य कार्यक्रमको सम्बन्धमा मुख्य सरोकारवाला सेवा प्रदायक सेवाग्राही र व्यवस्थापक बीचमा प्रदान भई रहेको सेवाको गुणस्तर र आगामी दिनमा गुणस्तर कायम गर्न छलफल अन्तरक्रिया जस्ता कार्यक्रम संचालन गरिनेछ।

११२. पालिका भित्रका विपन्नलाई स्वास्थ्य जनशक्ति अध्ययनको लागि प्रोत्साह दिने नीति लिइनेछ।

११३. स्वास्थ्य अनुसन्धान कार्यलाई प्रोत्साहन गर्न अनुदान दिने नीति लिइनेछ।

११४. स्वास्थ्यकर्मीहरु, सा.म.स्वा.स्व.से तथा नीतिनिर्माताहरुलाई थप उत्प्रेरणा दिलाउन तथा व्यवहारिक ज्ञानहरु आदान-प्रदान गर्न केही नमुना स्वास्थ्य संस्थाहरुको कार्यहरु हेर्ने अवसरको लागि अन्तर पालिका अन्तर प्रदेश भ्रमण गर्नेकार्यक्रमहरु राखिनेछ।

११५. स्वास्थ्य संस्थाहरुमा फोहोरको उचित व्यवस्थापन गर्नको लागि फोहोरको वर्गिकरण गरी उचित व्यवस्थापन गर्ने आवश्यक साधन श्रोतको र बजेटको सुनिश्चितता गरिनेछ।

## ठ. शिक्षा तर्फ

११६. "हरिनास बासीको इच्छा प्रविधिमैत्री र गुणस्तरीय शिक्षा" लाई आत्मसाथ गर्दै गाउँपालिकाका सबै विद्यालयहरूमा सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने नीति लागू गरिनेछ ।

११७. विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना सुनिश्चित गर्नका लागि विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी सबै बालबालिकालाई गुणस्तरीय, समतामूलक र पहुँचयोग्य शिक्षा सुनिश्चित गरिनेछ।

११८. समावेशी तथा बालमैत्री शिक्षाको प्रवर्द्धन विद्यालय छोड्ने दर न्यून गर्दै सिकाइ उपलब्धि वृद्धि गरिनेछ।

११९. विपन्न तथा जोखिममा रहेका बालबालिकालाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराइनेछ।

१२०. "हरिनास बासीको इच्छा प्रविधिमैत्री र गुणस्तरिय शिक्षा" लाइ आत्मसाथ गर्दै गाउँपालिकाका सबै विद्यालयहरुमा सूचना प्रविधिमैत्री तथा सीपमूलक शिक्षाको विकास गर्ने नीति लागू गरिनेछ ।

१२१. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको आकर्षण बढाउन बाल मैत्री उद्यान पार्क, र आधारभूत शैक्षिक पूर्वाधारहरुको निर्माण, मर्मत संभार, संचालन र व्यवस्थापनमा जोड दिइनेछ ।

१२२. गाउँपालिकाका सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षकको अनुपात मिलान गरी प्राथमिक तहमा दुई अंक भन्दा कम विद्यार्थी भएका विद्यालयहरुलाई नजिकको माध्यमिक विद्यालयहरुमा समायोजन गरी शिक्षक दरबन्दी मिलानमा गरिनेछ।

१२३. विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग डिजिटल शिक्षण सामग्री विकास तथा प्रयोगलाई प्रोत्साहन गरी शिक्षकहरुको क्षमता विकास गर्नका विषयगत तालिम,ICT तथा AI Tools जस्ता तालिमको व्यवस्था गरी शिक्षकहरुलाई उच्च मनोबलका साथ काम गर्ने वातावरण निर्माण गरिनेछ।

१२४. शिक्षकको पेशागत क्षमता विकास गर्नका लागि विद्यालयको नियमित शैक्षिक सुपरिवेक्षण तथा अनुगमन सञ्चालन गरिनेछ।

१२५. प्रारम्भिक बालविकास केन्द्रहरूको गुणस्तरमा सुधार बालविकास सहजकर्ताको क्षमता अभिवृद्धि गरिनेछ।

१२६. अव निर्माण गरिने विद्यालयहरू सुरक्षित, बालमैत्री र अपाङ्गतामैत्री विद्यालय भवन निर्माण गरि खानेपानी, शौचालय, पुस्तकालय तथा प्रयोगशालाको व्यवस्था सुदृढ गरिनेछ।

१२७. प्र.अ., शिक्षक, जनप्रतिनिधि लगायतलाई अन्तर पालिका तथा प्रदेशका नमुना विद्यालयमा शैक्षिक अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।

१२८. स्थानीय आवश्यकता अनुसार सीपमूलक तथा व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालन गरि विद्यालय तहमा उद्यमशीलता तथा रोजगारमुखी शिक्षा प्रवर्द्धन गरिनेछ।

१२९. विद्यालय व्यवस्थापन समितिको क्षमता विकास गरि विद्यालयको सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइलाई नियमित गरिनेछ।

१३०. शैक्षिक तथ्याङ्क व्यवस्थापन प्रणाली सुदृढ गरि तथ्याङ्कमा विश्वसिनयता,बैधता,वस्तुनिष्ठ र शुद्ध तथ्याङ्क विवरण समयमानै अध्यावधिक गरिनेछ ।

## ड. सरसफाइ तथा स्वच्छता तर्फ

१३१. हरिनास गाउँपालिका भित्रको फोहर मैला व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउन फोहोरमैला संकलन, ढुवानि, प्रशोधन, पनुः प्रयोग र पुनः चक्रण र विसर्जन गर्ने नीति लिइने छ।

१३२. गाउँपालिकाको पर्यटकीय क्षेत्रहरुमा सार्वजनिक शौचालय र खानेपानीको सुविधा पुर्याईनेछ ।

१३३. "वातावरणमैत्री गाउँपालिका" निर्माण गर्न हरित सडक, हरित पार्क, In-situ र Ex-situ कार्यक्रमलाई जोड दिइनेछ।

१३४. “एक घर एक चर्पी” कार्यक्रम अनुरुप हरेक घरमा सफा चर्पी निर्माणमा जोड दिइ पानी जन्य सरुवा रोग नियन्त्रणमा आवश्यक कार्यक्रम अगाडी बढाइने छ।

गाउँसभाका सदस्यज्यूहरु,

## ढ. समावेशीकरण तर्फ

१३५. महिलाहरूको नेतृत्व र निर्णायक भूमिका स्थापित गर्न सामुदायिक विकासका कार्यहरूमा समान सहभागिताको लागि उपयुक्त वातावरण प्रदान गरिनेछ।

१३६. महिलालाई सीप र रोजगारीमा समान अवसर उपलब्ध गराई समान कामको लागि समान पारिश्रमिक सुनिश्चतता गरिनेछ।

१३७. महिला, दलित, आदिवासी, जनजाति, लोपान्मुख तथा सिमान्तकृत वर्गको क्षमता अभिवृद्धि र सशक्तिकरणका कार्यक्रमहरु लागू गरिनेछ। परम्परागत पेशाहरुको आधुनिकिकरण गर्दै आय आर्जनतर्फ उन्मुख गर्ने कार्यक्रम लागू गरिने छ।

१३८. जातीय भेदभाव कसुर सजाय ऐनलाई प्रभावकारी कार्यान्वयन गर्न पालिकाबाट विशेष व्यवस्था गरिनेछ।

१३९. हरेक वडामा दलितहरुको सामूहिक आय आर्जनको कार्यक्रममा जोड दिँदै दलित तथा सिमान्तकृत बालबालिकाको निःशुल्क शिक्षाको ग्यारेन्टी गरिनेछ ।

## ण. युवा तथा खेलकुद तर्फ

१४०. युवाहरूका लागि नेतृत्व विकास, व्यक्तित्व विकास तथा जीवनोपयोगी सीप सम्बन्धी तालिम सञ्चालन गर्न, युवा स्वयंसेवक परिचालन गर्नका लागि युवा क्लब तथा युवा सञ्जाललाई संस्थागत रूपमा सुदृढ गरिनेछ।

१४१. कृषि, पर्यटन, सूचना प्रविधि तथा साना उद्यममा युवाको सहभागिता बढाइ,स्थानीय स्रोत, साधन र सम्भावनामा आधारित सीपमूलक तालिम सञ्चालन गरि नवप्रवर्तन तथा उद्यमशील युवालाई प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।

१४२. बहुउद्देश्यीय खेलकुद मैदान तथा खेलकुद संरचना निर्माणलाई प्राथमिकता दिइ विद्यालयस्तरीय खेलकुद पूर्वाधार विकासमा सहयोग गरि वडा तथा गाउँपालिका स्तरमा खेलमैदानको संरक्षण, स्तरोन्नति र व्यवस्थापन गरिनेछ।

१४३. प्रशिक्षक, रेफ्री तथा खेल व्यवस्थापकको क्षमता विकास गरि विभिन्न खेल विधाका प्रतिभावान खेलाडीहरूको पहिचान गरी प्रशिक्षणको व्यवस्था गरी उत्कृष्ट खेलाडीलाई सम्मान, पुरस्कार तथा प्रोत्साहन प्रदान गरिने।

१४४. गाउँपालिका अध्यक्ष कप, राष्ट्रपति रनिङ शिल्ड तथा वडा स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरि विद्यालयस्तरीय, अन्तरविद्यालय तथा अन्तरपालिका खेलकुद प्रतियोगिता आयोजना गरिनेछ।

१४५. गाउँपालिकाको विकास कार्यक्रमहरूमा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नका लागि युवा लक्षित नीति, योजना तथा कार्यक्रम निर्माणमा युवाको प्रतिनिधित्व सुनिश्चित गरिनेछ र सामाजिक विकृति, दुर्व्यसन तथा हिंसाविरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१४६. हरिनास गाउँपालिका भित्रका बसोबास गर्ने दलित, आदिवासि, जनजाति, अल्पसंख्यक, अपाङ्ग, महिला, विपन्न खसआर्यहरुलाई लक्षित गर्दै सरकारी सेवामा प्रवेश गर्ने चाहनेहरुका लागि निःशुल्क लोक सेवा तयारी कक्षा संचालन गरिनेछ।

१४७. विद्यालय तथा वडा स्तरमा वाल क्लबहरू गठन गरि पालिका स्तरीय बाल संजाल निर्माण गरिनेछ।

## त. महिला बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ

१४८. लैङ्गिक विभेदको अन्त्य, नेतृत्व क्षमताको विकास र सशक्तिकरणमा जोड दिइनेछ।

१४९. महिलामाथि हुने सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा समानताको हक सुनिश्चित गर्न प्रभावकारी कार्यक्रम संचालन गरिनेछ।

१५०. ज्येष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई पुस्तान्तर गर्ने तथा ज्येष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम संचालन गरिनेछ।

१५१. अपाङ्गता भएका व्यक्तिको पहिचान र वर्गीकरणको मापदण्ड अद्यावधिक गरि परिचयपत्र वितरण प्रणालिलाई व्यवस्थित गरिनेछ।

१५२. साइवर अपराध, लागु औषध, घरेलु हिंसा, मौन हिंसा तथा मानव वेचविखन नियन्त्रण लागि सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

## थ. सार्वजनिक निजी साझेदारी कार्यक्रम तर्फ

१५३. सरकारी तथा निजी क्षेत्रको सहभागितामा भौतिक पूर्वाधारको विकास गर्न सार्वजनिक-निजी साझेदारीको अवधारणलाई प्रोत्साहित गरिनेछ।

१५४. साना पूर्वाधार निर्माणका लागि प्रोत्साहन गर्न गैर सरकारी क्षेत्र वा अन्य क्षेत्रबाट समेत लगानी गरेकोमा समपुरक कोषबाट केही रकम गाउँपालिकाले व्यहोर्ने गरी साझेदारी कार्यक्रम अगाडी बढाइनेछ।

१५५. सहकारी, संघ संस्थाहरुलाई सहकारी मूल्य मान्यताको सिद्धान्तमा संचालन गर्न सहकारी तालिम र कोपोमिस तालिम आयोजना गरिनेछ।

## द. वन वातावरण तर्फ

१५६. वन क्षेत्रको सदुपयोग गरी समुदायको दिगो आम्दानीको श्रोतको विकास गर्न आफ्नै निजी खाली रहेका जग्गाहरुमा उपयुक्त भौगोलिक वातावरण अनुकूल हुने गरी जडीबुटी, गैर काष्ठ वन पैदावारहरुको खेती विस्तार गरिनेछ।

१५७. खानी जन्य कच्चा पदार्थ उत्खनन गर्नका लागि EIA र IEE अध्ययन गरि व्यवस्थापन गरिनेछ।

१५८. गाउँपालिका अन्तर्गत रहेका बन क्षेत्र लगायत सबै स्थानका सार्वजनिक जग्गाहरुको अतिक्रमण र अवैध उपभोगलाई रोक्नका लागि सरोकार निकायसँग समन्वय गरिनेछ।

१५९. गाउँपालिका भित्र हुने सबै खालका विकास निर्माणकार्यहरु गर्दा वातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ।

## ध. सूचना प्रविधि तर्फ

१६०. सूचना सम्प्रेषणलाई विश्वसनीय र मर्यादित बनाउन संचार संस्था तथा संचारकर्मीहरुसँग सहकार्य गरिनेछ।

१६१. गाउँपालिका र वडा कार्यालयहरूको प्रशासनिक कार्यप्रणालीलाई सुरक्षित, प्रविधिमैत्री र कागजरहित (Paperless) बनाइनेछ।

१६२. गाउँपालिका मातहतका सम्पूर्ण कार्यालयहरूमा विद्युतीय हाजिरी पूर्ण रुपमा लागु भइसकेको अवस्थामा विद्युतीय हाजिरीको गुणस्तर अभिवृद्धि गरिनेछ। साथै डिजिटल हस्ताक्षर (Digital Signature) र बायोमेट्रिक प्रणालीलाई अवलम्बन गर्ने नीति लिइनेछ।

१६३. कागजी फाइलको आवतजावतलाई कम गर्न आन्तरिक दर्ता, चलानी र टिप्पणी उठाउने कार्यलाई पूर्ण रूपमा डिजिटल गर्न एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (Government Integrated Office Management System - GIOMS) माध्यममा रूपान्तरण गर्ने नीति लिइनेछ।

१६४. वडाहरूबाट दिइने सिफारिस, टिप्पणी आदेश, र प्रशासनिक पत्राचारलाई क्रमशः डिजिटल ढाँचामा रूपान्तरण गरी "डिजिटल वडा" को अवधारणा कार्यान्वयन गर्ने नीति लिइनेछ ।

१६५. नागरिकले घरमै बसेर सरकारी सेवा र कर भुक्तानी गर्न सक्ने गरी सेवा प्रवाहलाई सरल र पारदर्शी बनाउन घरजग्गा कर, व्यवसाय कर र अन्य दस्तुरहरू अनलाइन बैंकिङ, ई-सेवा, खल्ती जस्ता डिजिटल वालेट (Digital Wallets) मार्फत अनलाइन दाखिला गर्न मिल्ने व्यवस्था मिलाइनेछ।

१६६. सबै वडा कार्यालय, स्वास्थ्य केन्द्र, र सामुदायिक विद्यालयहरूमा भरपर्दो र उच्च गतिको इन्टरनेट सञ्जाल विस्तार गरिनेछ।

१६७. बिभिन्न पर्यटकीय क्षेत्रहरुमा गुणस्तरीय इन्टरनेट सेवाको विस्तार तथा मोबाइल नेटवर्क कभरेजको पहूच बृद्धिको लागि इन्टेनेट सेवा प्रदायक संस्था तथा दुरसञ्चार सेवा प्रदायक सँस्थासँग सहकार्य गरिनेछ।

१६८. मुख्य पर्यटकीय क्षेत्रहरू र सार्वजनिक पार्कहरूमा उच्च गतिको निशुल्क वाई-फाई सेवा विस्तार गर्न जोड दिइनेछ।

१६९. विभिन्न संस्थामा हाल संचालनमा रहेका CCTV Camera मा थप सुधार गरि अन्य कार्यालयमा समेत CCTV जडान तथा निगरानी गरि कार्यालयको सुरक्षामा जोड दिइनेछ।

१७०. विशेष गरी जेष्ठ नागरिक र प्रविधिको पहुँच कम भएका समुदायका लागि वडा-वडामा स्मार्ट सेवा कसरी प्रयोग गर्ने भन्ने बारे सचेतना कार्यक्रम संचालन गरिनेछ।

१७१. जनप्रतिनिधि, कर्मचारी तथा विद्यार्थीमा डिजिटल साक्षरता अभिवृद्धि गर्न सूचना प्रविधि सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ, जस अन्तर्गत साइबर सुरक्षा, डिजिटल उपकरणको सुरक्षित प्रयोग, अनलाइन सेवा उपयोग र प्रविधि मैत्री प्रशासनिक अभ्यासबारे प्रशिक्षण, सचेतनामूलक सामग्रीहरू वितरण तथा तालिम संचालन गरिनेछ।

१७२. गाउँपालिकाको डिजिटल सम्पत्ति, सफ्टवेयर र नागरिकको व्यक्तिगत विवरणलाई सुरक्षित राख्न सुदृढ सुरक्षा प्रणाली अपनाइनेछ।

१७३. गाउँपालिकाका सबै वेबसाइट र वेब-सफ्टवेयरहरूको वर्षमा कम्तीमा एक पटक तेस्रो पक्षबाट (Third-party Audit) सुरक्षा परिक्षण (VAPT) गराइनेछ।

१७४. सञ्चारक्षेत्रमा क्रियाशिल सार्वजनिक संघ-संस्थाहरुको संरचनागत एवं व्यवस्थापकीय सुधारमा सहकार्य गरिनेछ। जनतासँग प्रत्यक्ष सरोकार राख्ने विकास र समृद्धिमा टेवा पुर्याउने खालका कार्यक्रम उत्पादन प्रसारण गर्न जोड दिइनेछ।

१७५. सरकारी कार्यालय , सामुदायिक विद्यालयहरूमा टेलिफोन, इन्टरनेटको क्रमिक रुपमा विस्तार गरिनेछ।

## न. सुशासन सेवा प्रवाह र जनशक्ति विकास तर्फ

१७६. जनताबाट निर्वाचित जनप्रतिनिधिहरु जनता प्रति उत्तरदायी जनताको पिर मर्का बुझ्ने व्यवस्था मिलाइनेछ।

१७७. गाउँपालिकाका सबै कार्यालयहरूलाई इन्टरनेटका माध्यमबाट सबै वडाहरू, स्वास्थ्य चौकी, सामुदायिक विद्यालयहरूमा इन्टरनेट सेवाको प्रारम्भ गरिने छ ।

१७८. गाउँपालिका भित्र भ्रष्टाचारमा शून्य सहनशीलता नीति लिइनेछ। उच्च कार्यसम्पादन गर्ने कर्मचारीहरूलाई प्रोत्साहन गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्तालाई परिमार्जन सहित निरन्तरता दिइनेछ।

१७९. गाउँपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने प्रणालीको विकास गरिनेछ। साथै आन्तरिक पर्यटन वृद्धिका लागी कर्मचारीहरुलाई अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ।

१८०. सार्वजनिक सेवा प्रवाहमा मितव्ययी र प्रभावकारी ढङ्गले कार्य सम्पादन गर्न कर्मचारीहरुको क्षमता विकास र सशक्तिकरण गर्ने कामलाई प्राथमिकता दिइनेछ।

१८१. सार्वजनिक खर्चको वित्तीय जवाफदेहिता सुनिश्चित गर्दै आन्तरिक खर्चलाई चुस्त बनाइनेछ र कार्यालयबाट हुने सबै भुक्तानी बैक मार्फत हुने व्यवस्था मिलाइनेछ। त्यसै गरी गाउँपालिका अध्यक्षले वडाध्यक्षसँग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखसँग मापन योग्य सूचकहरू

सहित कार्यसम्पादन सम्झौता गरी सम्बन्धित पदाधिकारीहरूलाई नतिजा प्रति थप जबाफदेही बनाइनेछ।

१८२. सेवा प्रवाहलाई सहज र जनताको नजिक पुर्याउन वडा स्तरमा एकीकृत घुम्ती सेवा संचालन गरिनेछ।

## प. राजस्व प्रशासन तर्फ

१८३. गाउँपालिकाले हाल लिदै आएको कर,राजस्व,शुल्क आदिलाई थप व्यवस्थित र नियमन गरिनेछ। **हाम्रो गाउँपालिका हाम्रो कर,समृद्ध बनाउने हाम्रै रहर** भन्ने नारालाई साकार पार्न राजस्वको आन्तरिक श्रोतको दायरालाई फराकिलो बनाइनेछ।

१८४. टोल टोलमा कर मैत्री प्रशासनको अभियान सञ्चालन गरिनेछ।

## फ. न्यायिक समिति तर्फ

१८५. विवाद समाधानको लागि मेलमिलाप तथा मध्यस्थता सेवालाई न्यायिक समिति मार्फत थप प्रभावकारी बनाइनेछ। हरेक वडामा मेलमिलाप मार्फत विवाद समाधान गर्न मेलमिलाप केन्द्र स्थापना गरिनेछ।

१८६. न्यायिक समितिको क्षमता अभिवृद्धिको लागि कानुनी सचेतना र कानून सम्बन्धी अभिमुखीकरण कार्यक्रमको व्यवस्था मिलाइनेछ।

## ब. विपद् व्यवस्थापन तर्फ

१८७. स्थानीय स्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण, विपद् जोखिम क्षेत्रको नक्सांकन तथा वस्तिहरूको पहिचान गरि स्थानान्तरण गरिनेछ। विपद् व्यवस्थापनका लागि वडा-वडामा विपद् व्यवस्थापन समिति गठन गरिनेछ। विपद् जोखिम न्यूनिकरण गर्न विपद् व्यवस्थापन कोष निर्माण गरी कार्यविधिअनुसार संचालन गरिनेछ।

१८८. विपदको लागि आवश्यक पर्ने औजार उपकरण को व्यवस्थापन गरिनेछ।

## भ. नापी तथा भूमि प्रशासन तर्फ

१८९. स्थानीय तहको स्वामित्वमा रहेका सम्पुर्ण जग्गाको डिजिटल अभिलेखको व्यवस्था गरिनेछ ।

१९०. नापी विभागवाट प्रकाशित नक्सा र यस हरिनास गाउँपालिकाको कार्यक्षेत्र, वडा सहित फरक परेको हुदा यस हरिनास गाउँपालिकाको नक्सा सुधारका लागी सम्वन्धीत निकाय संग विशेष पहल गरिने छ।

१९१. यस हरिनास गाउँपालिका भित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरु प्रमाणीकरण तथा जग्गा व्यवथापन कार्यलाई सम्बन्धित निकायसंग समन्वयन गरी पुर्जा वितरणको कार्य सम्पन्न गरिनेछ ।

१९२. नापी तथा जग्गा प्रशासन सम्वन्धी केहि सेवा स्थानीय तह बाटनै प्रदान गर्न सम्वन्धीत निकाय संग समन्वन र सहकार्य गरिनेछ ।

१९३. कृषि योग्य जमिनको संरक्षण तथा खण्डीकरण न्युनिकरणका लागि आवश्यक नीतिगत कार्यक्रमको व्यवस्था गरिनेछ ।

१९४. स्थानीय तहको भू—उपयोग योजना तर्जुमा तथा कार्यान्वयन गरि दिगो भूमि व्यवस्थापनलाई प्रोत्साहन गरिनेछ।

## म. विविध तर्फ

१९५. विकासको मूल प्रवाहमा समावेश नभएका योजनालाई जनतासँग अध्यक्ष कार्यक्रम मार्फत संचालन हुने योजना तथा कार्यक्रमहरूको योजना बैक तयार गरि योजना बैकमा समावेश भएका योजनाहरूको लागि यो कार्यक्रमद्वारा बजेट व्यवस्थापन गरिनेछ।

१९६. असल अभ्यास आदान प्रदानका लागि कर्मचारी र जनप्रतिनिधि सहित अन्तर पालिका समन्वयात्मक कार्यक्रम संचालन गरिनेछ।

१९७. प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि गाउँपालिकाबाट साझेदारीका लागि बजेट व्यवस्थापन गरिनेछ।

१९८. अति विपन्न घरपरिवारको जीवनयापनका लागि न्यूनतम आर्थिक सहयोग उपलब्ध गराइने छ।

१९९. गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमलाई थप प्रभावकारी रुपमा विस्तार गरिदैं लगिनेछ। साथै तालिम प्राप्त दक्ष व्यक्तिलाई अनुदानमा उपकरणहरू उपलब्ध गराइने छ।

२००. कार्यालयको आवश्यकता अनुसार विज्ञबाट सेवा परामर्श लिइने कार्य गरिनेछ ।

गाउँसभाका सदस्यज्यूहरु,

२०१. यी नीति तथा कार्यक्रमको कार्यान्वयन गरी “समृद्ध हरिनास,सुखी हरिनासवासी” को गन्तव्यमा पुगी समृद्ध नेपाल,सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न हाम्रो सरकारका प्रत्येक कार्यहरुको केन्द्रबिन्दु आम नागरिक हुनेछन्। सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा, उत्तिकै सम्मानको प्रत्याभूति गरिनेछ।

**अन्त्यमा,**

स्थानीय तहको समग्र विकास र समृद्धिका लागि यस नीति तथा कार्यक्रमले अंगिकार गरेका विषयहरुको कार्यान्वयन महत्त्वपूर्ण हुनेछ । नेपालको संविधानले आत्मसाथ गरेका मान्यता र परिकल्पना राष्ट्रिय योजना आयोगले तयार पारेको सोह्रौं योजना, दिगो विकासको लक्ष्य, हरिनास गाउँपालिकाका आम जनसमुदायबाट प्रकट भएका भावनाहरुलाई यस नीति तथा कार्यक्रमले समेटेको छ। आगामी बजेटबाट नीति तथा कार्यक्रममा व्यक्त प्रतिबद्धतालाई सम्बोधन हुने विश्वास लिएको छु। यो नीति तथा कार्यक्रम स्वच्छ, सुखी र समुन्नत स्थानीयको खाका सहित कार्यान्वयन योग्य दस्तावेजको रुपमा रहेको छ। नीति तथा कार्यक्रम कार्यान्वयनमा स्थानीय सरकारलाई सबै क्षेत्रबाट भरपूर सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु। साथै नीति तथा कार्यक्रमका लागी सुझाव दिनु हुने र तर्जुमाको कार्यमा संलग्न हुनुहुने सम्पूर्ण महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद
खिम नारायण मानन्धर
अध्यक्ष
हरिनास गाउँपालिका, स्याङ्जा
मितिः २०८३/०३/०८